# सुदूरपश्चिम प्रदेश सरकार र विकास साझेदारहरू बीचको सहमति-पत्र

२०८२ जेठ १३

सुदूरपश्चिम प्रदेशको समावेशी, दिगो र सन्तुलित विकासलाई सुनिश्चित गर्न प्रदेश सरकार र विकास साझेदार संस्थाहरूबीचको सहकार्यलाई संस्थागत, प्रभावकारी र परिणाममुखी बनाउने आवश्यकता निरन्तर रूपमा बढ्दो छ। प्रदेशको विकास प्राथमिकता, योजना र कार्यक्रमहरूलाई साझा दृष्टिकोणबाट कार्यान्वयन गर्न, पारदर्शिता, जवाफदेहिता र समन्वयलाई सुदृढ पार्न साझा प्रयास जरुरी छ। यसै सन्दर्भमा, प्रदेश सरकार र विभिन्न विकास साझेदारहरूबीच आपसी समझदारी, समन्वय र सहकार्यलाई औपचारिकता दिँदै उत्कृष्ट अभ्यासको आदान प्रदान, दस्तावेजीकरण र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न मार्गदर्शन गर्ने उद्देश्यले माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूको अध्यक्षतामा मिति २०८२ जेठ १३ गते सुदूरपश्चिम प्रदेश सरकार र विकास साझेदार संघ संस्थाहरुको सहभागितामा भएको असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्यशाला र छलफलमा भएको निर्णय अनुसार तपसिलका बुँदाहरुमा पूर्ण सहमति भई सोको पूर्ण रुपमा कार्यान्वयन गर्ने सामुहिक प्रतिवद्धता जाहेर गर्दछौं।

<u>सहमतिका बुँदाहरु :</u>

१. प्रदेश सरकार र विकास साझेदार संस्थाहरु बीचको सहकार्य तथा समन्वय थप प्रभावकारी र सुदृढ बनाउन प्रदेश सरकारले सरोकारवाला साझेदारहरुसंगको परामर्शमा "<u>संयुक्त साझेदारी फ्रेमवर्क</u>" तयार गरी कार्यान्वयनमा ल्याउनेछ ।

२. विकास साझेदारहरूबीच नियमित समन्वयका तथा सिकाइ आदान प्रदानका लागि प्रदेश नीति तथा योजना आयोगको संयोजनमा प्रत्येक ६-६ महिनामा "समन्वय तथा समीक्षा बैठक" आयोजना गर्नेछ। उक्त समन्वय तथा समीक्षा बैठकको सहजीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रादेशिक कार्यक्रम सहयोग इकाईले गर्नेछ ।

३. प्रदेशमा क्रियाशील संयुक्त राष्ट्र संघीय संस्थाहरु (UN Agencies), अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी तथा नागरिक समाज सम्बद्ध संस्थाहरूले तोकिएको ढाँचामा गुगल फर्म मार्फत सबै संस्थाले संस्थागत जानकारी र आफ्ना कार्यक्रमको विवरण वि.सं. २०८२ साउन महिना भित्र पठाउने र उक्त विवरणको आधारमा एकीकृत <u>प्रोफाइल</u> (physical and digital version) वि.सं. २०८२ भदौ महिना भित्र तयार गर्ने। यो प्रोफाइल वार्षिक रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाउने।

४. साझेदार संस्थाहरूले प्रदेश सरकारका प्राथमिकता, आवधिक योजना एवं वार्षिक योजनासँग मेल खाने गरी कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयले यस्तो सहकार्यका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

५. साझेदार संस्थाहरूले आ—आफ्ना गतिविधिहरुको प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालयहरूमा र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रादेशिक कार्यक्रम सहयोग इकाईमा पठाउने र उक्त इकाईले प्रतिवेदनहरुको संकलन गरी वार्षिकरुपमा <u>एकीकृत प्रतिवेदन</u> तयार गरी अभिलेखीकरण गर्ने।

६. सरकारी निकाय र विकास साझेदारहरुबाट भएका <u>उत्कृष्ट अभ्यासहरूलाई दस्तावेजीकरण गरी वार्षिक रूपमा प्रकाशन</u> गर्ने र यसमा साझेदारहरूको लागत साझेदारी र प्राविधिक सहयोग रहनेछ।

७. प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुको असल अभ्यास र सिकाइलाई संस्थागत गर्दै थप विस्तार गर्न उपयुक्त संयन्त्रको व्यवस्था गरिनेछ ।

८. प्रदेश सरकारले आयोजना गर्ने लगानी सम्मेलनमा साझेदार संस्थाहरूले आवश्यक आर्थिक, प्राविधिक तथा भौतिक सहयोग प्रदान गर्ने र सोका लागि सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलनको सचिवालयले आवश्यक समन्वय गर्नेछ।

९. प्रदेश सरकारले विकास साझेदार संघ संस्थाहरुको कार्यलाई थप प्रभावकारी र नतिजामुखी तुल्याउन कार्यक्षेत्र सहजीकरण र सहयोगात्मक अनुगमन तथा मुल्याङ्कनको व्यवस्था मिलाउने र विकास साझेदारहरुको प्रगति प्रतिवेदन प्रदेश सरकारको संस्थागत प्रणालीमा समावेश गरिने व्यवस्था मिलाउने।

१०. यस सहमतिका बुँदाहरू तथा विकास साझेदार संघ संस्थाहरुसंग समन्वय, सहकार्य एवम् साझेदारी गर्ने सम्बन्धी विषयलाई प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने । साझेदार संघ संस्थाहरूले पनि आफ्नो वार्षिक योजनामा समावेश गर्दै यस सहमतिका बुँदाहरुको दिगो कार्यान्वयन सुनिश्चित गर्ने।

११. माथि सहमति गरिएका विषयहरुको कार्यान्वयनका लागि कार्ययोजना बनाउने र बुदाँ नं. १, ३, ५, र ६ बमोजिमका कार्य गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने । यस कार्यका लागि आवश्यक्ता अनुसार विकास साझेदार संघ संस्थाहरुले थप जनशक्ति र प्राविधिक पक्षमा योगदान पुर्याउने ।

क) श्री जगदीश जोशी, वरिष्ठ शाखा अधिकृत, योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, धनगढी, कैलाली ।

ख) श्री कुमारी भुवनेश्वरी धामी, वरिष्ठ तथ्याङ्क अधिकृत, सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग, धनगढी, कैलाली।

ग) सुदूरपश्चिममा कार्यरत संयुक्त राष्ट्र संघीय संस्थाहरु (UN Agencies), अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सञ्जाल र गैसस महासंघबाट १/१ जना गरी ३ जना प्रतिनिधिहरु।

घ) श्री मदन बागचन्द, प्रदेशिक कार्यक्रम समन्वय विश्लेषक, प्रादेशिक तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, धनगढी, कैलाली ।

ङ) श्री मान बहादुर कुँवर, प्रादेशिक सुशासन विश्लेषक, प्रादेशिक तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, धनगढी, कैलाली ।

| | | | |
|---|---|---|---|
| ................ | ................ | ................ | ................ |
| श्री देवी खनाल<br>अध्यक्ष<br>गैसस महासंघ सुदूरपश्चिम प्रदेश समिति | श्री चेतराज भट्टराई<br>फिल्ड प्रबन्धक, वर्ल्ड भिजन ईन्टरनेशनल<br>अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको तर्फबाट | श्री बैजन्ती गिरी सिह<br>प्रमुख, यूएनडिपी फिल्ड अफिस<br>संयुक्त राष्ट्रसंघीय निकायहरुको तर्फबाट | श्री यज्ञ पुरी<br>प्रदेश सचिव<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट |